# UMH युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

UNITED MODI HYDROPOWER
पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.- २८, काठमाडौं
फोन: ०१-४१६९११४, प्याक्स: ०१-४१६९११३
इमेल: unitedmodi@ntc.net.np वेबसाइट: www.umh.com.np

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/२४ गते)

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८२/१२/२२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को बाह्रौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको बाह्रौं वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै बार्षिक साधारण सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : २०८३ बैशाख २७ गते आइतबार (तद्अनुसार १० मे, २०२६)
समय : बिहान ११:०० बजे।
स्थान : कालिमाटि व्यैङ्केट, कालीमाटी काठमाण्डौं ।

**२. छलफलका विषयहरू :**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२ लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनीको संचालक समितिमा २ (दुई) संचालक पदको निर्वाचन सम्बन्धमा ।
५. अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ख) बिशेष प्रस्तावहरू**

१. कम्पनीले अन्य कम्पनीहरूमा लगानी गर्न सहज बनाउन होल्डिङ्ग कम्पनीको रुपमा विकास गर्नको लागी कम्पनीको नाम परिवर्तन गर्ने तथा सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने ।
२ हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय र श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
३. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरू कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्वन्धमा ।

**ग) विविध ।**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

## वार्षिक साधारणसभा सम्बन्धी थप जानकारी

१. साधारण सभा प्रयोजनको लागि मिति २०८३/०१/०४ गते एक दिनका लागि यस कम्पनीको शेयरधनी दर्ता किताब बन्द हुनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०१/०३ गते सम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स् क्यापिटल मार्केट्स लि., डिल्लिबजार, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र सो सभामा भाग लिन पाउन योग्य हुनुहुनेछ ।
२. आफ्नो मन्तब्य राख्न चाहानु हुने शेयरधनी महानुभावहरूले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजे देखि दिनको ४:०० बजे भित्र unitedmodi@ntc.net.np मा इमेल गरी वा कम्पनी सचिवलाई advocatenp7@gmail.com मा इमेल गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउन अनुरोध गर्दछौं ।
३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपि अनिवार्य रुपमा, साथमा लिई आउन हुन अनुरोध गर्दछौं । कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनी आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न सकिनेछ । नाबालक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा छलफल गर्न सक्नेछ । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको आधिकारीक Email: unitedmodi@ntc.net.np मा प्रोक्सि फारम दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ । प्रोक्सि फारमको ढाँचा कम्पनीको वेबसाइट www.umh.com.np बाट डाउनलोड गर्न सकिनेछ ।
५. यसै साधारण सभाबाट कम्पनीको सञ्चालक समितिमा २ (दुई) जना सञ्चालकहरूको नियुक्त गर्नको लागि निर्वाचन गरिने भएकोले उक्त निर्वाचन सम्बन्धी कार्यक्रम, निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको केन्द्रिय कार्यालयमा रहने निर्वाचन अधिकृतको कार्यालयमा मिति २०८३/०१/१० गते प्रकाशित गरिनेछ र यस सम्बन्धी जानकारीहरू कम्पनीको वेबसाइट www.umh.com.np मा पनि हेर्न सकिनेछ ।
६. निर्वाचन हुने सञ्चालक पदको निमित्त उम्मेदवार हुन चाहने सर्वसाधारण समूहको मतदाता नामावलीमा नाम उल्लेख भएको शेयरधनीले कम्पनीको नियमावलीको नियम २८ मा उल्लिखित न्यूनतम शेयर संख्या बराबर शेयर कित्ता लिएको (संगठित संस्थाको तर्फबाट उम्मेदवारी दिनेको हकमा बाहेक) र कम्पनी ऐन २०६३ बमोजिम अयोग्य नठहरिएको व्यक्ति हुनु पर्नेछ ।
७. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् । संगठित संस्था वा कम्पनी शेयरधनी भएको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ ।
८. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै यस कम्पनीको आधिकारीक Email:unitedmodi@ntc.net.np मा जानकारी दिन हुन अनुरोध छ ।
९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थलमा आउँदा झोला लगायतका वस्तुहरू नलिई आउन अनुरोध छ ।
१०. अन्य जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।